# सरावल गाँउपालिका

## नवलपरासी, (बर्दघाट सुस्ता पश्चिम)

## **स्थानीय राजपत्र**

| | | |
|---|---|---|
| खण्डः ७ | संख्याः४ | पौष महिना १९ गते, २०८० |

## **भाग २**

**स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ उपदफा २ बमोजिम सरावल गाउपालिकाको गाउँसभाले बनाएको देहाय बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

**२०८० सालको कार्यविधि संख्या २**

**कार्यविधिको नामः दुध उत्पादनका आधारमा अनुदान कार्यक्रम कार्यविधि, २०८०**

सरावल गाउँपालिका

# दुध उत्पादनका आधारमा अनुदान कार्यक्रम कार्यविधि, २०८०

स्वीकृत मिति २०८०/०८/२४
प्रमाणिकरण मितिः- २०८०/०८/२६
प्रकाशित मितिः२०८०/०९/१९

## दुध उत्पादनका आधारमा अनुदान कार्यक्रम कार्यविधि, २०८०

**पृष्ठभूमि**

सरावल गाउपालिकाबाट पशुजन्य उत्पादन वृद्धि गर्ने र त्यसको गुणस्तर कायम राख्न प्रशोधन गर्न र बजारीकरण गर्न आवश्यक पर्ने लगानीहरुमा मात्र अनुदान सहायता उपलब्ध गराउदै आएको पाइन्छ। विभिन्न परियोजना मार्फत साझेदारीमा समेत यस्तो अनुदान प्रवाह भएको छ। हालैका बर्षहरुमा अनुदानग्राहीका परियोजना अवधिभर शर्त पालना गर्ने र तत्पश्चात व्यवसायलाई दिगो रुपमा संचालन नगर्ने प्रवृत्ति समेत देखिन थालेको छ। कृषकहरुको मागका आधारमा व्यवसाय दिगो राख्न र व्यवसायी कृषकहरुलाई अझ प्रोत्साहन गर्न, उत्पादित दुधको परिमाण, गुणस्तर र बजारीकरणका आधारमा अनुदान प्रवाह गरेमा एकातिर संगठित बजारमा गुणस्तरीय दुध प्रवाह बढ्ने छ भने अर्को तर्फ दुग्ध उत्पादन व्यवसाय दिगो र व्यवसायिक रुपमा अगाडी बढाउन अनुदानको रुपमा दुग्ध उत्पादक सहकारी संस्थामार्फत दुध बिक्रि गर्ने सदस्य कृषकहरुलाई उत्पादनका परिमाणका आधारित रही अनुदान उपलब्ध गराउन आवश्यक देखिएकोले सरावल गाउपालिकाले दुध उत्पादनको आधारमा अनुदान कार्यक्रमलाई व्यवस्थित, सहज, प्रभाबकारी र पारदर्शी रुपमा स्थापना र संचालन गर्ने सरावल गाउपालिकाबाट यो कार्यविधि जारी गरिएको छ।

**१। प्रारम्भिकः**

क। संक्षिप्त नाम र प्रारम्भ

१। यो कार्यविधिको नाम "दुध उत्पादनका आधारमा अनुदान कार्यक्रम कार्यविधि २०८०" रहेको छ।

२। यो कार्यविधि सरावल गाउपालिका कार्यालयबाट स्वीकृत भएपछी सरावल गाउपालिका भित्र प्रारम्भ हुनेछ।

२। **परिभाषाः** बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

सरावल गाउँपालिका

क। " गाउँपालिका " भन्नाले सरावल गाउपालिका सम्झनु पर्नेछ।

ख। "शाखा" भन्नाले सरावल गाउपालिका पशु सेवा शाखा सम्झनुपर्नेछ ।

ग। "कार्यालय" भन्नाले सरावल गाउपालिका कार्यपालिकाको कार्यालय भन्ने सम्झनुपर्नेछ।

घ। "कार्यविधि" भन्नाले दुध उत्पादनका आधारमा अनुदान कार्यक्रम कार्यविधि २०८० भन्ने सम्झनुपर्नेछ।

ङ। "सहकारी" भन्नाले सरावल गाउपालिका भित्रका सम्पूर्ण दुग्ध उत्पादक सहकारी भन्ने बुझिन्छ।

**३। उद्देश्यः**

क। अनुदान वितरण नीतिलाई प्रक्रियामुखी बाट परिणाममुखी तर्फ लैजाने।

ख। दुध उत्पादन क्षेत्रलाई प्रतिस्पर्धात्मक बनाउदै सो व्यवसायलाई प्रतिष्ठित एवं दिगो व्यवसाय बनाउन प्रोत्साहन गर्ने।

ग। अनुदानको सहि, दक्ष र प्रभावकारी रुपमा बितरण, उपयोग र सदुपयोग गर्ने।

घ। साना कृषकहरुको समेत दुग्ध उत्पादन संगठित बजारमा प्रवाह गर्ने।

ङ। दुध उत्पादन र बजारीकरणका आधारमा अनुदान कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्ने।

४। **कार्यक्रम अवधिः** हाललाई यस कार्यक्रमको अवधि एक बर्षको हुनेछ। आगामी बर्षहरुमा आवश्यकता अनुसार अवधि विस्तार गरिनेछ।

**५। कार्य संचालन प्रक्रियाः**

क। सरावल गाउपालिकाले उक्त अनुदान कार्यक्रममा सहभागी हुन चाहने कृषकहरुको लागि सुचना प्रकाशित गरि निबेदन माग गर्नेछ।

ख। यस कार्यक्रममा सम्मिलित हुन १५ दिनको सुचना प्रकाशित गरि सुचना बमोजिम मापदण्ड पुरा गरेका इच्छुक कृषकहरुले तोकिएको म्यादभित्र शाखामा पेश गर्नुपर्नेछ।

ग। कृषकको मापदण्डः

१। कृषक स्थायी रुपले सरावल गाउँपालिकाको बासिन्दा हुनुपर्नेछ ।

२। कृषकले उत्पादन गरेको दुध सिधै वा दुग्ध संकलन केन्द्र/ सहकारी मार्फत साना किसान दुध संकलन तथा बिक्रि केन्द्र मा बिक्रि गरिएको हुनुपर्नेछ। र सोको विवरण सम्बन्धित सहकारी वा संकलन केन्द्रबाट प्रमाणित गराई पेश गर्नुपर्नेछ ।

सरावल गाउँपालिका

३। कृषकले बिक्रि गरेको दुधको गुणस्तर कम्तिमा फ्याट ३% र एस एन एफ ७% हुनुपर्नेछ।

घ। प्राप्त भएका निबेदन मध्ये न्युनतम मापदण्ड पुरा गरेकालाई छनौट गरिनेछ।

ङ। कृषकहरुबाट प्राप्त निवेदनको दुध उत्पादन बिवरण उपर छानबिन गरि कार्यदल समक्ष पेश गरिनेछ ।

पेश भएका निबेदनउपर निम्नानुसारको सदस्य रहेको समितिबाट छलफल गरि निर्णय गर्नेछ।

१। प्रमुख गाँउपालिका — संयोजक
२। प्रमुख प्रशासकीय अधिकृत — सदस्य
३। आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य
४। योजना शाखा — सदस्य
५। पशु सेवा शाखा प्रमुख — सदस्य सचिब

च। अनुदानका लागि छनौट भएका कृषकहरुलाई विनियोजित बजेटको परिधिभित्र रही सम्बन्धीत कृषकका बेंक खातामा अनुदान रकम उपलब्ध गराईनेछ।

**७। दुध उत्पादनका आधारमा अनुदान कार्यक्रम संचालनका लागि प्रस्तावित आर्थिक नर्मसः**

| अनुदानको बिवरण | | | |
|---|---|---|---|
| **क्र. सं.** | **कृयाकलाप** | **इकाई** | **दर रु.** |
| १ | दुधमा अनुदान बिवरण | लिटर | ०।५० |

**८। आर्थिक प्रशासन सेवाः**

कार्यक्रमको लेखा परिक्षण तथा आर्थिक कारोबार गर्दा सरावल गाउँपालिका गाउकार्यपालिकाको "दुध उत्पादनमा आधारित अनुदान कार्यविधि २०८०" अनुसार गरिनेछ।

**९। अनुगमन, मुल्यांकन तथा प्रतिबेदन सम्बन्धि व्यवस्थाः**

यस कार्यक्रमको अनुगमन सरावल गाउँपालिका गाउकार्यपालिका कार्यालयले गर्नेछ वा गर्न लगाउनेछ।

**१०। थपघट वा हेरफेर गर्न सक्ने**

क। यो कार्यविधिको कार्यान्वयनलाई थप व्यवस्थित, र प्रभाबकारी बनाउन कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिमा थपघट, हेरफेर वा खारेज गर्न सक्छ।

सरावल गाउँपालिका

ख. यस कार्यविधिको कार्यन्वयनमा कुनै बाधा अवरोध र अस्पस्टता आएमा त्यस्तो बाधा अड्चन फुकाउने प्रयोजनका लागि कार्यपालिकाले आवश्यकता अनुसार ब्याख्या गर्न सक्नेछ।

**आज्ञाले**
**विशाल मिश्रा**
**प्रमुख प्रशासकीय अधिकृत**

सरावल गाँउपालिका